ज्येष्ठ नागरिकलाई विष्टले दिए 'लौरो उपहार' । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१३, ● अंक-३९ ● २०७७ चैत्र ३० गते सोमबार, ● 12 April. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# घटना दर्ता नगरे शुल्क लाग्ने

## थाहाको सबै वडामा वैशाख २ देखि १६ गतेसम्म दर्ता अभियान

विकास संवाददाता
थाहा नगर

व्यक्तिगत घटना दर्ता कार्यका लागि शुल्क लाग्ने भएको छ । गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले नियमावलीमै यस्तो व्यवस्था गरी शुल्क लगाउने भएको हो । व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, मृत्यू, विवाह, बसाइसराई र सम्बन्ध विच्छेद दर्ता पर्दछन् । विभागले २ चैत्रमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको हो ।

व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिनभित्र दर्ता गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । कानुन बमोजिम तोकिएको दिनमा घटना दर्ता नगरेमा विभिन्न शीर्षकमा शुल्क लगाउन सक्ने जारी नियमावलीमा उल्लेख छ । नियमावलीको नियम १७ को उपनियम (२) बमोजिम विलम्ब शुल्क २ सय रूपियाँ तोकिएको छ । ३५ दिनभित्र घटना दर्ता नगरेमा यो शुल्क तोकिएको हो । नियमावलीको सोही दफामा नेपाली नियोगमा दर्ता गर्नुपर्नेमा विलम्ब भएमा २५ अमेरिकी डलर वा सो वराबरको नेपाली रूपियाँ विलम्ब शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ । नियमावलीको नियम २१ को उपनियम (२) बमोजिम व्यक्तिगत घटना दर्ताको नक्कल लिन चाहेमा पनि ५ सय रूपियाँ शुल्क लाग्ने छ । कुनै कारणवस घटना दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा वा नष्ट भएमा यो शुल्क तिरी नक्कल लिन पाइने नियमावलीमा उल्लेख छ । सोही नियम बमोजिम नेपाली नियोगबाट नक्कल लिनू परेमा ३० अमेरिकी डलर वा सो बराबरको नेपाली रूपियाँ तिर्नुपर्ने उल्लेख गरिएको छ ।

त्यसोतः व्यक्तिगत घटना दर्ताको किताब हेर्न चाहेमा मात्र पनि विभागले शुल्क तोकेको छ । भर्दा भैसकेको घटनाको पछि आफ्नो विवरण हेर्न चाहेमा पनि सर्वसाधारणले वडा कार्यालय वा नगरपालिकामा शुल्क तिर्नुपर्ने व्यवस्था नियमावलीले गरेको हो । नियमावलीको नियम २४ को उपनियम (१) बमोजिम दर्ता किताब हेर्नका लागि २ सय रूपियाँ तिर्नुपर्ने व्यवस्था गरेको छ । सोही कार्यका लागि नेपाली नियोगमा भने २५ डलर वा सो बराबरको नेपाली रूपियाँ तिर्नुपर्ने तोकिएको छ ।

यसअघि कानून बमोजिम ३५ दिनभित्र घटना दर्ता नगरेमा जम्मा ५० रूपियाँ मात्र विलम्ब शुल्क तिर्नुपर्ने व्यवस्था रहेको थियो । अब २ चैत्रमा राजपत्रमा प्रकाशित नियमावली बमोजिम नियम फेरिएको छ । यो नियमावलीले मुलुलकमा हुने गरेको घटना दर्ताको ढिलासुस्तीलाई कमी ल्याउन मद्दत मिल्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका सूचना अधिकारी शिवराज जोशीको विश्वास छ । सर्वेक्षण अनुसार नेपालमा ६ प्रतिशत व्यक्तिले मात्र ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गर्ने गरिएको अभिलेख छ । नेपाली नागरिकहरूको एकीकृत विवरण सहितको राष्ट्रिय परिचयपत्र समेत सबैलाई वितरण गर्ने गरी विभागले कार्य अघि बढाएको पनि जोशीले बताए ।

यसैबीच वैशाख २ देखि १६ गतेसम्म देशैभर व्यक्तिगत घटना दर्ता अभियान संचालन हुने भएको छ । मुलुकभरको ६ हजार ७ सय ४३ वटै वडामा यो अभियान संचालन हुने विभागका महानिर्देशक जितेन्द्र बस्नेतले बताए । यस क्रममा थाहा नगरपालिकाको पनि सबै १२ वटै वडामा दर्ता अभियान संचालन हुने भएको छ । नगरपालिकाको पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गतको एमआइएस सेवा इकाइ थाहा नगरपालिकाको संयुक्त संयोजनमा अभियान संचालन हुने थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए । शाखाहरूसंगको समन्वयमा हुने अभियानलाई वडा कार्यालयहरूले संचालन गर्ने प्रमुख प्रशासकीय अधिकृत पुरीले बताए ।

दर्ता अभियानका लागि सबै तयारी भैसकेको थाहा नगरपालिका एमआइएस सेवा इकाइका एमआइएस अपरेटर रूपक कार्कीले जानकारी दिए । वडामा ब्यानर, प्रचार सामाग्री सबै पुऱ्याइसकेको र प्रचारप्रसारका काम भैरहेको कार्कीले जानकारी दिए । नेपाल सरकारको सबैभन्दा तल्लो निकायबाट सेवा प्रवाह हुने थलो वडा कार्यालय भएकोले यो अभियानमा घटना दर्ता नगरेका सबै नागरिकहरूले वडा कार्यालयमा हुने अभियानमा सहभागी हुन थाहा नगरपालिका पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा प्रमुख सुरजकुमार भुजेलले

बाँकी पेज ६ मा

# इतिहाँस बोकेको पालुङको मयल बोट 'जिङ्ग्रायो'



◆ विकास संवाददाता

मयल । स्थानीय जातको रूख । काँडा हुने भएकोले यसलाई बाली लगाउने खेतबारीमा उम्रिएछ भने पनि जरै ओखेलेर फालिन्छ । मयल, वनतिर भने बाक्लै पाइन्छ । यसैको विरूवामा नास्पाती कलमी गरिने भएकोले मात्रै यसको महत्व बढेको हो । नत्र यसलाई उही पाखो बारीमा बार हाल्नका लागि मात्र प्रयोग गरिन्थ्यो होला । तर थाहा नगरपालिका पालुङको ठूलोबेसी फाँटको माझैमा दुईवटा बुढा भएका मयलको रूख छन् । वरिपरी खेतका गराहरू छन् । खेतका गराहरूमा अहिले आलु उम्रिएकोले हरियाली छ । ठिङ्ग उभिएका दुई मयलको बोट देख्ने वित्तिकै जस्लाई पनि जिज्ञासा लाग्न सक्छ-'किन यी मयलका रूखहरू राखिएका होलान् ?'

मकवानपुर थाहानगरका ठूलोबेसी फाँटका दुई मयलका बोटहरू यसै नकाटिएका होइनन् । यि बोटहरूले इतिहाँस बोकेका छन् । मयलका बोटहरू गर्ल्याम्मै ढाले इतिहाँस मेटिन्छ । निकै पुराना यो मयलका रूख हुर्कर मात्र हैन हाँगाविँगा घुमुर्केर फेरी भुई नै छुन लागि सकेका छन् । पालुङका बुढापाकाहरू यसको इतिहाँस खर्रर भन्छन् । यो रूख नेपालीहरूले पनि रोपेका हैनन् । १ हजार ७ सय वर्ष अघि यी दुई मयलको रूख रोपिएको चीनको इतिहाँस लेखिएको ताङ नामको किताबमा उल्लेख छ । 'चीनबाट लुम्बिनी जाने क्रममा चिनिया नागरिक *हुयान साङ्ले* फर्किदा बाँटो नबिर्सियोस् भनेर मयलको बोट रोपिएको चिनिया किताब ताङमा लेखिएको छ'-पालुङका शम्भु राज नापितले भने । नापितका अनुसार-'हुयान साङ चिनिया विद्वान पनि हुन् ।' पालुङको मयल रूखको इतिहाँस ताङ किताबमा उल्लेख छ । यो किताबलाई नेपालीहरूले महा भिनिसकरण भनिने नापितले सुनाउँछन् । यो किताब काठमाण्डौ स्थित केशर महल पुस्तकालयमा रहेको छ ।

काठमाण्डौबाट चित्लाङ चन्द्रागिरी हुँदै पालुङको यहि मयलबोट हुँदै चितवन निस्केर लुम्बिनी जाने यो ऐतिहाँसिक मुल बाटो हो । हुयान साङ पनि यहि बाटो लुम्बिनी गएको इतिहाँस रहेको पालुङका राजकुमार जंगली प्रधानले सुनाए । प्रधानले भने-'त्यती बेला पालुङ

बाँकी पेज ६ मा

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

श्रमिकहरुको मौलिक अधिकारको सम्मान गरौं

सबै प्रतिष्ठानहरुले न्यूनतम पारिश्रमिक प्रदान गर्न आनाकानी नगरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## वायु प्रदुषण बारे सचेतना जगाऊ

आजभोलि वायु प्रदुषण बढ्दो छ । यसको असर गाउँ न शहर सबैतिर परेको छ । यसबाट मकवानपुर जिल्लाको पर्यटकीय नगरी थाहानगर पनि अछुतो छैन । वायु प्रदुषणका कारण मौसम, जलवायुमा पनि ठुलो बदलाव छ । पहिले ऋतु अनुसार जे जस्तो अनुभूति गर्थे र गथ्र्यौं, अहिले समय, सिजन अनुसार त्यसो हुन सकेको छैन । आकाश खेलेको राम्री हेर्न नपाएको थुप्रै समय भैसक्यो । यसमा वायु प्रदुषणको कुनै न कुनै भूमिका छ । प्रदुषणबाट मानव स्वास्थ्यमा गम्भीर असरहरु पारिरहेको बारे हामी सबै बेखबर छैनौ । र पनि वायु प्रदुषणमा हामी बेप्रवाह मानवीय लापरवाही भने गरिरहेका छौ, जानी नजानी फाहोरजन्य वस्तुको यथोचित व्यवस्थापनमा उदास देखिएका छौ । यद्यपि स्थानीय तहहरुले प्रयास गरेका छन् । तर, एउटा वा दुईवटा स्थानीय तहको प्रयास र कामले मात्र समग्र प्रगति हुन सक्दैन, वायु प्रदुषण घट्न सक्दै सक्दैन ।

वायु प्रदुषण मृत्युको एक कारक हो । विश्व स्वास्थ्य संगठनको तथ्यांक अनुसार प्रत्येक दश जना मध्ये एक जनाको मृत्यु वायु प्रदूषणको असरका कारण हुने गर्छ। सन् २०१९ मा हेल्थ इफेक्ट इन्स्टिच्युटले तयार गरेको एक प्रतिवेदनमा विश्वभर वायु प्रदूषणका कारण मानिसको आयु २० प्रतिशतले घटेको उल्लेख गरिएको थियो। ग्लोबल बर्डन अफ डिजिज प्रोजेक्टबाट तथ्यांक संकलन गरेको अध्ययनले वायु प्रदूषणको असर दक्षिण एसियामा अझै भयावह भएको जनाएको थियो। दक्षिण एसियामा ५० वर्षभन्दा माथि उमेरका दश व्यक्तिमध्ये नौजनामा मृत्युको कारण वायु प्रदूषणले निम्त्याएको स्वास्थ्य समस्याका कारण हुने गर्छ। नेपालमा बर्सेनि वायु प्रदूषणको तह बढ्दै गए पनि नेपालमा यसको असर बारे अहिलेसम्म कुनै अध्ययन गरिएको अवस्था देखिन्न । केही सातायता देशभर वायु प्रदूषण खतराको तहभन्दा माथि छ। वायु प्रदूषण बढेसँगै अस्पतालमा श्वासप्रश्वासका बिरामी पनि बढ्न थालेका छन्। यसअघि गत पुसमा पनि काठमाडौंमा वायु प्रदूषणले खतराको तह पार गरेको थियो। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को वायु गुणस्तर मापदण्डअनुसार २४ घन्टामा प्रतिघनमिटर हावामा पिएम–२.५ को मात्रा २५ माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन। वातावरण विभागको तथ्यांकअनुसार वर्षमा करिब ६ महिना एक्युआई राष्ट्रिय मापदण्ड भन्दा बाहिर छ । यद्यपि, ०७३ देखि वातावरण विभागले तथ्यांक संकलन गरेको छैन ।

वायु प्रदुषण के कति कारणले बढिरहेको छ ? यसमा संघीय सरकारले गम्भीरतापूर्वक कारणहरुको खोज अनुसन्धान गर्न आवश्यक छ । त्यसका आधारमा तत्कालीन र दीर्घकालीन समाधानका पहल र प्रयासहरु गर्नुपर्ने देखिएको छ । विषाक्त वायुको असरबारे गरिएका विभिन्न अध्ययनअनुसार प्रदूषणले श्वासप्रश्वास सम्बन्धी संक्रमण, मुटुमा समस्या, मधुमेह, दम र फोक्सोको क्यान्सर बढाइरहेको छ । यसबाट वृद्धवृद्धा बढी प्रभावित हुने गर्छन् । यसको अझ गम्भीर पाटो वायु प्रदूषण दीर्घरोगको मुख्य कारण बनिरहेको छरु। धूमपानमा निकोटिनसहितका पदार्थले गर्ने असरभन्दा धेरै अहिले बढेको प्रदूषणले असर पुऱ्याउने भएकाले सबैले आवश्यक सचेतता त अपनाउनु पर्छ नै, यसको नियन्त्रणमा पनि दायित्व निर्वाह गर्न जरुरी छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सहकारी के हो र के चाहिँ होइन ?



गोपीनाथ मैनाली

*दुःखबाट सुरू भई नहुनेलाई हुने बनाउने सहकारीलाई मर्यादित र मूल्यकेन्द्रीत बनाउने माग बढिरहेको छ । विस्तारको चरण पूरा गएपछि यसले गुणस्तर र परिपक्वतामा आर्जन गर्नु पर्दछ ।*

मुलुकभर चौसट्ठिऔँ राष्ट्रिय सहकारी दिवस मनाइएको छ । दिवस मनाउनुको अर्थ विगतको कार्य प्रणालीको समीक्षा र भावी मार्गचित्रका लागि रणनीतिको आधार खोज्नु हो । नेपालको सबैभन्दा ठुलो सामाजिक सञ्जाल, जसमा त्रिहत्तर लाखभन्दा बढी सदस्य समेटिएका छन्, २९८८६ प्रारम्भिक संस्थाहरू र ३३४ विषयगत/तहगत सङ्घहरूमार्फत सहकारीले सहर–बजार, गाउँघर, सुगम–दुर्गम सबै स्थानमा आफ्नो सञ्जाल विस्तार गरिसकेको छ । यस अर्थमा राष्ट्रिय दिवसको महत्त्व नहुने कुरा भएन । सहकारी दिवसको यस वर्षको आदर्श वाक्य 'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी' रहेको छ, जसभित्र केही गम्भीर अर्थ छिपेका छन् । मर्यादित व्यवसायले व्यवसायभित्र मूल्य आदर्शको अभ्यासलाई जनाउँछ भने प्रविधिले व्यवसाय प्रवर्द्धनमा आधुनिकताको उपयोग जनाउँछ । तर आदर्श वाक्य अनुरूप व्यवसाय सञ्चालन भए भएनन् भन्ने निष्कर्ष चाहिँ व्यवसायको समीक्षा पछि मात्र गर्न सकिन्छ ।

शाब्दिक अर्थमा सहकार्य वा आपसी सहयोगको कार्य सहकारी हो । कानुन तथा सम्बद्ध संस्थाहरूले लामो–छोटो परि भाषाबाट सहकारीलाई बुझाउँदै आएका छन् । सामाजिक सर्तमा स्वावलम्बनको व्यवसाय सहकारीको मर्म हो ।

सहकारी सदस्य केन्द्रित व्यवसाय गर्दछन्, सदस्यहरू एक अर्कामा सहयोगी हुन्छन् । वैयक्तिक चाख, स्वामित्व र स्वार्थको निजीपना स्वावलम्बन, पारस्परिकता र सहयोगले विस्थापित भएपछि सहकारी व्यवसाय सुरू हुन्छ । आजभोलि कतिपय सहकारीहरू सहकारी भावनाभन्दा पर रहेर सञ्चालनमा गएको र सदस्यहरूको व्यवसायमा सदस्यहरू नै ठगिँदै आएकाले समग्र सहकारी अभियानमाथि नै ठुलो चुनौती खडा भएको छ । मर्यादित सहकारी व्यवसाय सञ्चालनमार्फत सहकारी अभियानलाई शुद्धीकरण गरी यसलाई समाजको आदर्श संस्था बनाइराख्न सहकारी के हो र के चाहिँ सहकारी होइन भन्ने शिक्षा नितान्त जरूरी देखिएको छ ।

**सहकारी के हो ?**

स्वावलम्बन (सेल्फहेल्प) र आपसी मद्दत (म्युचुआलिटी) सहकारी दर्शनका अन्तस्तल हुन् । सहकारी व्यवसायमा आफ्नो हित आफूहरूको आवश्यकता साथ आफूहरूकै प्रयासबाट गरिन्छ । अझ भनौँ सहकारी समुदायको दुःख हटाउन निजी स्वार्थ सामूहिक हितमा समर्पण गरिन्छ र खुसी खोजिन्छ । भनिने गरिन्छ, नहुनेहरूलाई हुने बनाउने आर्थिक–सामाजिक अभियान सहकारी हो । यसका व्यवसायहरू पवित्र हुन्छन्, यसका सदस्य नैतिक हुन्छन्, र यो समाजको अब्बल संस्था मानिन्छ । त्यसैले यो सदस्यहरूको हितका लागि आफै परिचालित, स्वयम् नियमन र स्व उत्तरदायी हुने अभियान हो । सहकार्यको सत्कर्म हो । साझा बन्धन, सामूहिक एकता भाव, सदस्य मूल्य (मेम्वर्स भ्यालु) र सकारात्मकता यसका आत्मा हुन् । स्वावलम्बन, स्वयम्जवाफदेहिता, लोकतान्त्रीकरण, समानता, न्याय र ऐक्यबद्धताको जगमा सहकारी व्यवसाय उभिएको हुन्छ ।

इमानदारिता, खुलापन, सामाजिक जिम्मेवारी र अरूको सहयोग सहकारीका आचरण हुन् । यी आधार, मूल्य र आचरणमा रहने समर्पणले सहकारी व्यवसायलाई निजी, कम्पनी, गैरसरकारी संस्था, अन्य सामुदायिक निकाय र सरकारी सङ्गठनभन्दा भिन्न बनाएको हुन्छ । सहकारीका सदस्यहरू आफै लगानीकर्ता र उत्पादक हुन्, आफै सेवावस्तुको प्रयोग गर्दछन्, साथै अलि परसम्म गएर मूल्य शृत्ला विकास मार्फत सामुदायिक फाइदाको अधिकीकरण गर्दछन् । सदस्यहरूले आफ्नो संस्थासँगै व्यवहार गर्नुपर्दछ, त्यो नै वास्तविक सहभागिता हो । आफ्नो संस्थामा विश्वास (आफैमा विश्वास) गरेर नै संस्थाका उत्पादन उपयोग गर्दछन् र कारोबारबाट प्राप्त प्रतिफल कारोबारको आयतनमा विभाजन गर्दछन् । धेरै कारोबार गर्नेहरू नै धेरै मात्रामा संरक्षित पुजी कोषका दाबेदार हुन्छन् । त्यसैले आफूसङ व्यवसाय गरेर आफू र आफ्नो संस्थालाई मजबुत बनाउने चरित्र सहकारीमा रहन्छ । संस्थाका कारोबार पारदर्शी हुन्छन् । त्यसैले सहकारीमा व्यवसाय सञ्चालन गर्ने आत्मिक शक्ति हुन्छ ।

**के चाहिँ सहकारी होइन ?**

समाजमा नाम एक र काम अरू हुने व्यवसाय पनि हुन सक्छन् । नामको ख्याति(गुडविल) का कारण नाम चाहिँ सहकारीको लिने तर सिद्धान्त, मूल्य र आचरणबाट विषयान्तर हुने कुनै पनि संस्था सहकारी होइनन्, हुन सक्दैनन् ।

सदस्यरहित नहेर्ने कारोबार सहकारी होइनन् । सदस्यहरूको जानकारी र सम्मतिविना सञ्चालक–व्यवस्थापकको स्वार्थ गाँठमा कारोबार गर्ने, अनौपचारिक कारोबार गर्ने संस्था सहकारी होइनन् । कुनै पनि सर्तमा सहदस्यहितभन्दा पर व्यवसाय, कारोबार, निर्णय गर्ने संस्था सहकारी होइन । एउटा व्यवसाय गर्छु भनेर अनुबन्ध प्रबन्ध गर्ने तर व्यवसाय अर्कै गर्ने संस्थाहरू पनि सहकारी होइनन् । सहकारीका सञ्चालकहरू व्यवस्थापक बन्दैनन्, न वेतन र सुविधाकै दाबी गर्छन् । भौगोलिकता अरूैगाल्ने र कार्यक्षेत्रभन्दा पर रहेर कारोबार गर्ने काम पनि सहकारीले गर्दैनन् । उच्च नाफाको आस गर्ने प्रवृत्तिले पनि संस्थालाई सहकारी भावनाबाट अलग्याउँछ । आफैले आफैबाट नाफा खाने भावना पनि सहकारीमा हुँदैन, केवल व्यवसाय सञ्चालनको लागत व्यहोर्न र जोखिम व्यवस्थापनका लागि नाफा राख्ने गरिन्छ । व्यवसाय विस्तार पनि सञ्चिता नाफाबाट गर्न सकिन्छ । त्यस्तै सहकारी संस्थाभित्र तह सोपान, नेतृत्वको लोभ र प्रतिस्पर्धा पनि हुनुहुन्न । न यसका सदस्यले संस्थाभित्र कुनै राजनीति र विचार आग्रह नै बोक्न हुन्छ ।

यस अर्थमा सहकारी व्यवसाय आदर्श बनाइ राख्न यसका मूल्य, आचरण, सिद्धान्तको अवलम्बन गर्नु पर्दछ । प्रश्न उठ्न सक्ला–उसो भए समाजमा त्यस्ता सहकारी पाइन्छन् ? पाइए कति संख्यमा होलान् ? हो सहकारिताको आदर्शमा संस्थालाई बचाइ राख्न असजिलो छ । असजिलो यस अर्थमा छ कि स्वार्थ, मूल्य अतिक्रमण, सिद्धान्तबाट विषयान्तर हुने बानी र छिटो सम्पन्न हुने सोच सदस्यमा बढ्न जाँदा सहकारी असजिलो व्यवसाय हो । तर सजिलो यस अर्थमा छ कि आवश्यकता र सामर्थ्य मिल्ने सदस्यहरू सामुदायिक एकता भावमा साथित्वसाथ विश्वासको व्यवसाय गर्न सक्छन्, जुन निकै सजिलो छ । समाजमा अपराधभन्दा असल काम गर्न निकै सजिलो छ ।

**सहकारी व्यवसायको अनौठोपना**

सहकारीको अवधारणा विकास गर्दा यसमा अनौठा चरित्रहरूलाई आधार मानिएको थियो, ती मौलिक चरित्रकै आधारमा सहकारी सहकारितामा रहन्छन् । जस्तो कि निजी क्षेत्रका व्यवसायले लगानीको नाफा योग्यता वा प्रतिफल विस्तार गर्न खोज्छन्, यसको विपरीत सहकारी कमभन्दा कम लागतमा सदस्य सेवा दिने भावनाबाट प्रेरित हुन्छ । निजी कम्पनीमा लगानीको मात्राका आधारमा संस्थामाथि नियन्त्रण मताधिकार राख्छन्, तर सहकारीमा लगानी जति भए पनि प्रत्येक सदस्यलाई नियन्त्रण गर्ने र मत दिने समान हैसियत हुन्छ । जसका आधारमा सामूहिकता र लोकतान्त्रिक पद्धति कायम गर्न सकिन्छ ।

निजी कम्पनीमा लगानीको नाफा लाभांशका रूपमा वितरण गरिन्छ, तर सहकारीमा उत्पादन वा सेवा उपभोगको आधारमा नाफा दिइन्छ । प्रतिफलको अंश समाजलाई छुट्यान्छ । त्यसैले सहकारीलाई अगि बढाउने आभ्यान्तरिक शक्ति, उद्देश्य र कार्यपहूच अन्य व्यवसायमा भन्दा नितान्त भिन्न र अनौठो हुन्छ । यी अनौठा चरित्रहरू जोगाउन नसक्दा वा नाफा संकेततर्फ दौडिदा

बाँकी पेज ३ मा

## सहकारी के हो र के होइन ....

सहकारी सहकारी नभै सहकारीको नाममा अर्कै थोक भइदिन्छन् । जसले यी मौलिक चरित्रलाई आत्मसात् गरी संस्था सञ्चालन गरेका हुन्छन्, ती वास्तविक सहकारी भई समृद्धि, समावेशिता र स्वावलम्बन संस्कारका हिमायती बन्ने गर्दछन् ।

**सहकारीमा सदस्य किन आकर्षित हुन्छन् ?**

सदस्यहरू किन सहकारी खोल्छन् ? निजी कम्पनी वा विशुद्ध बजार व्यवसायमा किन लाग्दैनन् भन्ने प्रश्न उठ्न सक्छ । वास्तवमा व्यक्तिलाई निजी व्यवसाय, बजार व्यवसाय वा सहकारी व्यवसायमा आबद्ध हुने समान अवसरहरू छन् । कोही निजी व्यवसायमा लाग्छन्, कोही सामूहिक व्यवसायमा । बजारवादी सोचबाट व्यवसाय सञ्चालन गर्दा प्राप्त हुने प्रतिफल भन्दा सामूहिक व्यवसायमा लाग्दा के लाभ बढी हुन्छ ? बा कुन त्यस्तो शक्तिले व्यक्तिलाई सहकारी व्यवसाय गर्न अभिप्रेरित गर्दछ ? यो प्रश्न अहम् छ । आपसिकता, सहयोग र आबद्धताको भावना नै सहकारी व्यवसायको आत्मा हो ।

पहिलो कुरा सहकारीका सदस्यहरू आफ्ना लागि सेवा व्यवस्थापनमा सहभागी हुन पाउँछन्, सदस्यहरूको विशिष्ट क्षमता र सहयोग गर्ने भावनाको उन्नयन हुन्छ । यसले जोखिम बहन क्षमता बढाउँछ । दोस्रो, न्यून लागतमा सेवा प्राप्त गर्ने अवसर रहन्छ, किनकि सहकारीको प्रमुख उद्देश्य सदस्यरहित हो, नाफा होइन । तेस्रो, व्यवसायको नियन्त्रण र स्वामित्व धारण स्वयम् सदस्यले गर्दछन्, यस अर्थमा सेवा उत्पादक र सेवाग्राही एकै हुन्छ । चौथो, मुनाफाको हिस्साको समुदायकरण हुन्छ र सेवाको दिगो व्यवस्थापन सम्भव हुन्छ । साथै रोजगारी तथा कच्चा पदार्थमा स्थानीयलाई प्राथमिकता रहन्छ । पाँचौं, सहकारीले स्वावलम्बन संस्कृति संस्थागत गर्दछ । जसले अर्थतन्त्रमाथि आउने बाह्य झट्का समन गर्ने तागत दिन्छ । छैटौं, व्यवसायसाथ सेवा गर्न सकिन्छ । यी करणले सदस्यहरू सहकारीबाट लाभान्वित हुन्छन् ।

दुःखबाट सुरू भई नहुनेलाई हुने बनाउने सहकारीलाई मर्यादित र मूल्यकेन्द्रीत बनाउने माग बढिरहेको छ । विस्तारको चरण पूरा गएपछि यसले गुणस्तर र परिपक्वतामा आर्जन गर्नु पर्दछ । जब परिपक्वता हासिल गर्छ, एग्रिको, एम्को वा डेजार्डिएन जस्तै सफल ब्रान्ड बनेर सदस्य सेवाको व्यापकता दिन पछि पर्दैन । तर नेपालमा कतिपय सहकारीहरू सहकारी भावना र आधार मूल्यबाट विषयान्तर भई सहकारी अभियानमाथि नै प्रश्न चिह्न खडा गर्ने सम्भावना तिर गइरहेको भान हुन्छ । सहकारीभित्र सुशासनको अभाव खट्किँदै छ, सदस्य र सहकारीबिचको सम्बन्ध हार्दिक छैन, व्यवस्थापन र सञ्चालकमा उही अनुहार देखिन थालेको छ, संस्थाहरू स्वनियमनमा छैनन् नियमन गर्ने नियामकहरू कमजोर क्षमतामा छन् । जोखिम मात्र बढेको छैन, संस्थाहरू संकटग्रस्त पनि बन्न थालेका छन् । सहकारी व्यवसायलाई मूल्यकेन्द्रीत, सिद्धान्तनिष्ठ र स्वयम् अनुशासित बनाउन सहकारी अभियान र तीनै तहका नियामक निकायहरू परिचालित हुनु सख्त जरूरी देखिएको छ । त्यति मात्र होइन, नियामक निकायमा नै सहकारी शिक्षा र क्षमता विकास आवश्यक देखिएको छ ।

# काफल पाकेसँगै किन कराउँछ 'काफल पाक्यो चरी' ?




'बेडू पाको बारो मासा, काफल पाको चैता मेरी छैला" भारतको उत्तर ाखण्ड लगायतको भेगमा प्रसिद्ध यो गीत स्व. मोहन चन्द्र उप्रेतीले लेखेका हुन् । उत्तराखण्डमा चर्चित रहेको यो गीतले काफलको महिमा र काफल पाकेसँगै आउने काफल पाक्यो चरीको व्याख्या गरेको छ । नेपालमा मात्र नभएर छिमेकी मुलुकमा समेत विशेष रहेको कुरालाई पुष्टि गरेको छ ।

> अरु बेला दक्षिण पूर्वी एसियामा घुम्ने यो चरा वसन्त ऋतु आएपछि नेपाल आउँछ । यही समयमा यहाँ काफल पाक्ने सिजन पनि भएकोले काफल पाक्यो चरा आएको भन्ने भान भए पनि काफल पाक्यो चरा र काफलको प्रत्यक्ष सम्बन्धबारे भने प्रमाणित तथ्य भेटिएको छैन ।

नेपाली लोक कथानुसार पर ापूर्वकालमा बुबाआमा गुमाएका (टुहुरा) दाजुबहिनी थिए । आमाबुबाको देहावसानसँगै गुजाराको अभावमा भोकै बस्नबाध्य दाजुबहिनीमध्ये दाजुले खानाको खोजीमा बाहिर जाने निर्णय गरे । बहिनी भनै रून थाली । बाबुआमाले छाडेको दाइले पनि छाड्न लाग्नुभयो भनेर बिलौना गर्दा दाजुले काफलको बोट देखाएर काफल पाक्ने समयमा म बहिनी भेट्न आउँछु भनेर निस्किए ।

याम फेरियो बहिनीले जंगलमा फलफूल खाएर समय बिताइ, केही समयमा काफल पनि पाक्यो । तर अफसोच बहिनी छाडेर गएका दाजु फर्किएनन् । बहिनी आत्तिन थाली । एक्लोपनले उनलाई सतायो । काफल पाक्यो बरै मेरा दाजु आएनन् भन्दै उनी बिलौना गर्न थालिन् । त्यही चिन्ताले उनको देहावशासन भयो । अहिले जंगल जंगलमा काफल फाक्यो भन्ने जस्तो आवाज दिने चरा त्यही बहिनीको अर्को जन्ममा लिएको चरा हो भन्ने लोक कथा छ ।

चैत वैशाखको समय अर्थात् जंगलभरि पाकेको काफलले राताम्मे बनाउने र 'काफल पाक्यो चरीले' आफ्नो धुनले जंगल थर्काउने समय हो । काफल विशेषगरी पहाडी भेगमा फल्ने एक किसिमको स्वादिष्ट र पौष्टिक फल हो । यो चैत र वैशाख महिनामा पाक्ने गर्छ ।

तर यसको वैज्ञानिक पक्ष अलिक अर्कै खालको छ । जैविक विविधता सम्बन्धी अध्येता कमल मादेन 'काफल पाक्यो'भन्ने जस्तो स्वर दिने चरा एक खालको घुमन्ते चरा रहेको बताउँछन् । यसको स्वरमा त्यस्तो आवाज सुनिएको भए पनि यसले काफल पाक्यो भन्ने आवाज भने ननिकाल्ने मादेन बताउँछन् ।

काफल पाक्यो चरीको वैज्ञानिक नाम क्युकुलस माइक्रोप्टेरस हो । यो नेपाल लगायतका दक्षिण एसिया तथा पूर्वी एसियाका केही स्थानहरूमा पाइने गर्छ । यो चरा समुन्द्री सतहबाट ३६०० मिटर सम्मको उचाइमा रहेको जङ्गलहरूमा पाइने गर्छ ।

विशेषगरी नेपालमा चैत वैशाख महिनामा आउने यो चरा थाइल्याण्डमा अरू समयमा पनि कराउने गरेको भेटिएको मादेन बताउँछन् । अरू बेला दक्षिण पूर्वी एसियामा घुम्ने यो चरा वसन्त ऋतु आएपछि नेपाल आउँछ । यही समयमा यहाँ काफल पाक्ने सिजन पनि भएकोले काफल पाक्यो चरा आएको भन्ने भान भए पनि काफल पाक्यो चरा र काफलको प्रत्यक्ष सम्बन्धबारे भने प्रमाणित तथ्य नभेटिएको मादेन बताउँछन् ।

**काफलको औषधीय गुणहरू**

काफल अमिलो-गुलियो एवं रसिलो फल हो । यो फलले जिब्रो मात्र लोभ्याउँदैन, यसमा औषधिय गुण पनि हुन्छ । विभिन्न समस्यामा काफलको दाना, बोक्रा प्रयोग गर्न सकिन्छ ।

ज्वरो आएमा, घाँटीको समस्या भएमा, दम बढेमा, रगतको कमी भएमा काफलको सेवन उपयोगी हुन्छ । खाना अरूची भएमा काफलको सेवनले लाभ मिल्ने बताइन्छ । साथै मधुमेह रोगको लागि पनि यो रामबाण हो । आयुर्वेद विशेषज्ञहरूले यसमा एन्टी अक्सिडेन्ट भरपुर मात्रामा पाइने बताएका छन् । यस फलको सेवनले मुटु लगायत क्यान्सर रोगको जोखिम कम गर्ने बताइन्छ ।

कानको रोग, आँखाको रोग, अनियमित मासिक स्राव, टाउको दुखाई आदिमा काफलको धुलो, बोक्रा आदिको औषधी बनाएर सेवन गर्दा लाभ मिल्ने बताइन्छ । यसैगरी दम, नपुंशकतामा समेत काफल उपयोगी हुन्छ । बाहिरी घाउचोट निको बनाउन काफलको बोक्राको धुलो प्रयोग गर्न सकिन्छ ।

*-अनलाइनखबरबाट*

### थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

## ग्यास्ट्रिक रोग र यसबाट बँच्ने उपाय

मानिसहरूको पेटमा प्रकृतिले नै एसिड उत्पादन गराइ रहेको हुन्छ । मानिसले खाएको खाना पचाउने र खानासँगै ब्याक्टेरिय मार्ने काम एसिडले गर्दछ । एसिडबाट बच्न पनि शरीरमा आफ्नै प्रक्रिया हुन्छ । तर त्यो कुनै कारणबस त्यो प्रक्रियामा समस्या आएमा ग्याष्ट्रिक हुन्छ । ग्याष्ट्रिक नेपालमा अधिकांश मानिसलाई भएको पाइन्छ । ग्याष्ट्रिक भएको मानिसलाई पेट पोल्ने, घाटी पोल्ने, छाती दुख्ने, वाकवाकी लाग्ने, केही खाना मन नलाग्ने, पेट दुख्ने वा पेट पोल्ने, पेटमा गुडगुड गरेको आवाज, मुखमा अमिलो पानी आउँछ, ढ्याउँ आउने हुन्छ । ग्यास्ट्रिक भएको मानिसले धेरै ध्यान दिनुपर्दछ । ग्यास्ट्रिक बिग्रिएमा आन्द्रामा घाउ भएर अल्सर र अल्सर बिग्रिएमा क्यान्सर समेत हुने सम्भावना धेरै हुन्छ ।

ग्यास्ट्रिक भएको मानिसले खानपानमा धेरै विचार गर्नुपर्ने हुन्छ । ग्यास्ट्रिक रोग ख्याल गरेमा सामान्य रोग हो । यदि यसको ख्याल गरिएन भने रोगहरूको राजा पनि भनिन्छ । ग्यास्ट्रिक हुनु भनेको पेटमा ५ सय भन्दा बढी प्रकारका ब्याक्टेरियाहरूले आक्रमण गरेर ग्याँस उत्पन्न हुने बुझिन्छ ।

धेरै मानिसलाई ग्यास्ट्रिक हुन्छ । यसको उपचार पनि सहज रूपमा गर्न सकिन्छ । तर, सबै भन्दा पहिले हामीहरूले ग्यास्ट्रिक रोग लागेमा के गर्ने भनेर बुझ्न जरूरी हुन्छ । ग्यास्ट्रिक हामीहरूले नै खाएको खानाबाट हुन्छ । त्यसकारण खाना खाँदा ख्याल गर्नु पर्दछ । हाम्रो पेटमा धेरै ब्याक्टेरिया भएर हामीले खाएको खानालाई पचाउन दिदैन । त्यसले गर्दा खाना पच्दैन र ग्यास्ट्रिक हुन्छ ।

ब्याक्टेरिया युक्त खानेकुरा खानु हुँदैन । ग्यास्ट्रिक भएका मानसिहरू ब्रत बस्ने, लामो समय भोक भोकै बस्ने, पेट खाली राख्नु हुँदैन । केही न केही खाई राख्नु पर्ने हुन्छ ग्यास्ट्रिक भएका मानिसले । ग्यास्ट्रिक भएकोले ज्वानोको धुलो बनाएर हप्तामा एक पटक बिरे नुन, ज्वानोको धुलो र काग्ती तातो पानी बनाएर पिउँदा स्वास्थ्यका लागि अझै राम्रो हुन्छ ।मानिसहरूले बजारमा पाइने खानेकुराहरू केही नसोची खाएको पाइन्छ । त्यो गलत हो । अझ ग्यास्ट्रिक भएका मानिसले त बजारमा पाइने बासी खानेकुरा खानु हुँदैन् । ग्यास्ट्रिक भएको मानिसले सधै खाना खाने समय एउटै समयमा खाने गर्नु पर्दछ । विहान १० बजे खाने बानी छ भने नियमित बिहानको खाना १० बजेनै खाँदा राम्रो हुन्छ । सधै खाना खाने समय एउटै बनाउनु पर्दछ ।

ग्यास्ट्रिकबाट बच्नका लागि धेरै मात्रमा पानी पिउनु पर्ने हुन्छ । पानीले पेटमा भएको ब्याक्टेरियालाई बगाएर लान्छ । त्यसकारण प्रशस्त मात्रामा पानी पिउनु पर्ने हुन्छ ग्यास्ट्रिक भएको मानिसले । ग्यास्ट्रिक भएका मानिसले चिल्लो भएको खाना धेरै खानु हुँदैन । ग्यास्ट्रिक भएका मानिसले सन्तुलित खाना खानु पर्ने हुन्छ । सुर्तीजन्य पदार्थ, मदिरा सेवन गर्नु हुँदैन । ग्यास्ट्रिकको उपचार पहिलो त आफूले सतर्कता अपनाउनु हो । त्यसकारण धेरै तातो खानेकुरा नखाने, सुन्तला, कागती, भोगटे जस्ता फलफूल खानु हुँदैन ।

गाउँघरमा मानसिहरूले चिकित्सकको सल्लाह नलिई औषधी उपचार गरेको पाइन्छ । त्यो गलत हो । ग्यास्ट्रिक रोग धेरै प्रकारका हुन्छन् । त्यसकारणले जँचाएर मात्र औषधीको सेवन गर्नुपर्ने हुन्छ ।

# सवारी दुर्घटना : १०९ घटनामा ४६ जनाले ज्यान गुमाए



◆ विकास संवाददाता

मकवानपुरमा चालु आर्थिक बर्षको श्रावणदेखि चैतसम्म मकवानपुरमा १ सय ९ वटा दुर्घटना भएको छ । ती घटनामा ४६ जनाले ज्यान गुमाए । त्यस्तै श्रावण यता १ सय ३९ जना गम्भिर घाइते भएका छन भने २ सय १२ जना सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरको अभिलेख छ । श्रावण महिनापछि मकवानपुरमा क्रमश सवारी दुर्घटना बढेको प्रहरीको तथ्याङ्क छ ।

श्रावण महिनामा १७ सवारी दुर्घटना हुदा ७ जनाको मृत्यु भएको छ भने १३ जना गम्भिर र घाइते र ८ जना सामान्य भएका हुन । भदौ महिनामा दुर्घटना कहि कम भएको देखिएको छ । भदौ महिनामा ८ सवारी दुर्घटना भएकामा मृत्यु संख्या शुन्य रहेको छ भने ६ जना गम्भिर घाइते भएका र ७ जना सामान्य घाइते रहेका छन् ।

त्यस्तै असोज महिनामा दुर्घटना ह्वातै बढेको देखिन्छ । असोजमा ३५ सवारी दुर्घटनामा १३ जनाको मृत्यु भएको छ । जसमा ३१ जना गम्भिर घाइते भएका छन् भने २९ जना सामान्य घाइते भएका हुन् ।

त्यस्तै कार्तिक महिनामा २४ दुर्घटना भएका छन् भने ३ जनाको दुर्घटनामा परि मृत्यु भएको छ । त्यस्तै २७ जना गम्भिर घाइते भएका छन् भने २० जना सामान्य घाइते भएका छन् । मंसिर महिनामा २३ दुर्घटनामा ४ जनाको मृत्यु भएको छ भने २३ जना गम्भिर घाइते भएका छन् भने १० जना सामान्य घाइते भएका छन् । पुष महिनामा १३ वटा सडक दुर्घटना भएकामा ३ जनाको मृत्यु भएको छ भने गम्भिर घाइते ५ जना र सामान्य घाइते ४७ जना रहेका छन् । त्यस्तै माघ महिनामा २७ सडक दुर्घटनामा ५ जनाको मृत्यु भएको छ भने गम्भिर घाइते १७ र सामान्य घाइते ४७ जना भएका छन् । २७ वटा सडक दुर्घटना भएको फागुन महिनामा ९ जनाको मृत्यु भएको छ भने गम्भिर घाइते १६ जना र सामान्य घाइते ४१ जना भएका छन् । चैत महिनामा सडक दुघटना १६ दुर्घटनामा २ जनाको मृत्यु भएको छ ।

> दुर्घटनाको प्रमुख कारणहरू चालकको लापर्बाही, तिव्र गति,अधिक भार "ओभरलोड" रहेको छ ।

गत बर्षमा १२० वटा सडक दुर्घटना भएका थिए । जसमा ६९ जनाको मृत्यु भएको थियो भने ६४ जना गम्भिर र १०२ जना सामान्य घाइते भएका थिए ।

मकवानपुरमा सवारी साधनहरू दुर्घटना हुनुमा प्रमुख कारणहरू चालकको लापर्बाही, तिव्र गति,अधिक भार 'ओभर लोड' रहेको जिल्ला ट्राफिक कार्यलय मकवानपुरले जनाएको छ । मादक पर्दाथ सेवन गरेर चलाएका सवारी साधनहरू अधिकांश दुर्घटनामा पर्ने गरेका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार सवारी चालकमा धैर्यको कमी भएका कारण सवारी दुर्घटना दिन प्रतिदिन बढिरहेको जनाएको छ ।

चालकमा उच्च रक्तचाप, हतार, यान्त्रिक गडबडी, सडकको अवस्था, मादक पदार्थको सेवन, आँखाको दूर दृष्टिमा कमजोरी नै दुर्घटनाको मुख्य कारण रहेको बताइएको छ ।बागमती प्रदेशको राजधानीसमेत भएकाले मकवानपुरको सवारी चाप पछिल्लो समय बढ्दो रूपमा रहेको छ ।

दशकौं पुरानो मापदण्डका सडक, पूर्वपश्चिम राजमार्गलगायत संघीय राजधानी काठमाडौँलाई जोड्ने छोटो दूरीका सडक सञ्जालले हेटौँडालाई जोड्ने हुनाले पनि मकवानपुर भएर दैनिक हजारौं सवारी आवतजावत गर्ने गरेका छन् । यस्ता सवारी चापको चुनौतीलाई सिमित ट्राफिक जनशक्तिबाट सवारी व्यवस्थापन गरिरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले बताएको छ ।



# मकवानपुरमा डढेलोले करोडौंको क्षति

◆ विकास संवाददाता

डढेलोका कारणले मकवानपुर जिल्लामा चालु आर्थिक वर्षको हालसम्ममा तीन करोड ७० लाख रूपैयाँ मूल्य बराबरको क्षति भएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार चालु आर्थिक वर्षको साउनदेखि चैतसम्ममा विभिन्न स्थानमा डढेलोका कारण ३८ घर जलेर नष्ट भएको छ । डढेलोले एक हप्ता अगाडि मकवानपुरमा एक वृद्ध महिलाको मृत्यु भएको छ भने पाँचजना घाइते भएको प्रहरीले जनाएको छ । घाइते भएकाहरू सामान्य उपचारपछि घर फर्किएको प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । त्यस्तै डढेलोले तीन पक्की र ३५ कच्ची घर जलेर नष्ट भएको छ भने २३ वटा गोठ तथा बाखालगायतका ५० चौपाया जलेर मरेका छन् ।

यसैबीच डढेलोको कारण मकवानपुरगढीका खानेपानी तथा सिंचाईको पाइपमा क्षति पुगेको छ । त्यहाँ खानेपानीको समस्या भएको छ । गत मंगलबार मकवानपुरगढी गाउँपालिका-२ को सानोगढीबाट शुरू भएको डढेलोले मकवानपुरगढी बृहत खानेपानीको १४० एमएमको १०० मिटर पाइप नष्ट भएको छ । त्यहाँ प्रथम धवाडी सिचाई, माथिल्लो धवाडी सिँचाई, धवाडी दोस्रो खानेपानी र धरमपानी खानेपानीअन्तर्गत ४०० मिटर पाइप नष्ट भएको धवारी दोस्रो खानेपानी उपभोक्ता समूहका सचिव इमनाथ तिमल्सिनाले बताए । अप्ठ्यारो ठाउँ भएकाले आगो निभाउनसमेत समस्या रहेको उनको भनाइ छ ।

मकवानपुरगढी बृहत खानेपानी योजनाअन्तर्गतका १५० मिटर पाइप पनि डढेलोका कारणले नष्ट भएको उपभोक्ता समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपानेले जानकारी दिए ।

पाइप नष्ट भएकाले गाउँपालिकाको वडा नम्बर २, ३ र ४ का करिब दुई हजार घरपरिवार खानेपानीबाट वञ्चित भएका छन् । पाइप नष्ट भएको स्थानमा नयाँ पाइप जोड्न र मर्मत गर्न समय लाग्नेछ । मर्मतसम्भार नभएसम्म पानीका वैकल्पिक उपाय खोज्न र पानीको कम प्रयोगमा जोड दिन उपभोक्ता समूहले आग्रह गरेको छ ।

## मकवानपुरका सिसिओ रिजाल सरुवा भए



◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी (सिडिओ) गोविन्द प्रसाद रिजालको सरूवा भएको छ । सिडिओ रिजालको गृह मन्त्रालयमा सहसचिवको पदमा सरूवा भएको हो ।

सरकारले दुई दर्जन बढी प्रमुख जिल्ला अधिकारी (सिडिओ) को सरूवा तथा पदस्थापन गरेसँगै मकवानपुरका सिडिओ रिजालको गृहमन्त्रालयमा सरूवा भएको हो ।

रिजालको सरूवा भएसँगै मकवानपुरमा भरतमणी पाण्डे आउने भएका छन् । पाण्डे यसअघि गृह मन्त्रालयको सहसचिव रहेका थिए ।

# सबैको सक्रियतामा पुनर्निर्माण प्रभावकारी

◆ विकास संवाददाता

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख रघुनाथ खुलालले मकवानपुर जिल्लामा सबैको सकृय सहभागितामा पुनर्निर्माणको काम प्रभावकारी रुपमा अगाडी बढेको बताएकाछन् । ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालद्धारा सञ्चालित 'भुकम्पपछिको पुनर्निर्माण र पुनःस्थापनामा सदाचार' परियोजनाको समापन तथा धन्यवाद ज्ञापन कार्यक्रममा उहाँले सबैको सकृयता र सहयोगमा जिल्लामा पुनर्निर्माणको काम प्रभावकारी रूपमा अगाडी बढेको बताए ।

सुरूका अवस्थामा विभिन्न समस्याहरू सृजना भएको भए पनि सबैले सकृय भएर काम गरेकै कारण पुनर्निर्माणको काममा सफलता प्राप्त गर्न सकिएको उनको भनाई थियो । २०७२ सालको भुकम्पपछि मकवानपुरसहित १४ जिल्लामा युरोपियन युनियनको सहयोगमा ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालले सञ्चालन गरेको भुकम्पपछिको पुनर्निर्माण र पुनःस्थापना परियोजना प्रभावकारी सावित भएको उनले बताए ।

उनले यस सन्दर्भमा ट्रान्सपरेन्सी ईन्टरनेसनल नेपालले देखाएको सकृयता र कृयाशिलताका लागि धन्यवाद दिए । कार्यक्रममा भुकम्प पछिको पुनर्निर्माणमा भ्रष्टाचार निवारण, शुसासन, पारदर्शिता, जवाफदेहितालगायत क्षेत्रमा संस्थाले गरेका कामका बारेमा परियोजनाकी जिल्ला अधिकृत प्रमिला थिङले प्रस्तुती गरेकी थिइन् ।

ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालकी अध्यक्ष पदमिनी प्रधानाङ्को सभाध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरकी उपप्रमुख भगवती पुडासैनी, भुकम्प पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना ईकाई (शिक्षा) का प्रमुख बद्री बहादुर पाठकलगायतको उपस्थिती रहेको थियो ।






## पालुङको आलुः केही उम्रिएनन्, उम्रेका पनि बाँच्दै बाँचेनन्ः

मकवानपुर थाहा नगरपालिकाको पालुङ क्षेत्रमा यसवर्ष आलु उमारमै समस्या भएको छ । चैतको अन्तिम हुँदा समेत आलु नउम्रेको किसानहरू बताउँछन् । समयमै वर्षा नहुँदा आलु नउम्रिको हो । त्यसोतः उम्रिएका आलु पनि मर्न थालेको छ । स्थानीयहरूले राँके भनिने रोगका कारण आलुको बोट मर्न थालेको हो । थाहानगरको घर्तिखोला क्षेत्र र पालुङ क्षेत्रमा यस रोगका कारण आलु मर्न थालेका छन् । एकातिर उमारमा नै कमी आउनु र अर्कातिर आलुको बोट मर्न थाल्नुले यसवर्ष आलु उत्पादन निकै घट्ने किसानहरूको अनुमान छ ।

फोटोः गणेश विष्ट/विकास

# कुलेखानी-फाखेल सडक एक महिना मर्मतका लागि बन्द



◆ विकास संवाददाता

मकवानपुरको कुलेखानी–फाखेल सडक एक महिनाका लागि बन्द गरिएको छ । यस सडक मर्मतका लागि एक महिना बन्द गरिएको हो । हेटौंडा–काठमाडौं ओहोर दोहोर गर्ने छोटो दुरीको मार्ग अन्तरगत कुलेखानी–फाखेल सडकखण्ड २८ चैतदेखि एक महिनाका लागी बन्द भएको हो ।

कुलेखानीबाट सिस्नेरी हुँदे भने साना सवारीका साधन ओहोर दोहोर गर्न पाउने छन् । बागमती प्रदेश, यातायात पूर्वाधार विकास निर्देशनालयले सूचना जारी गर्दै सडक बन्द गरेको हो । फाखेलको सडक अली छोटो र सहज भएकाले यही सडक भएर सवारीका साधन ओहोर दोहोर गर्दै आएका थिए । तर, अब मर्मतसम्भार पछी मात्र यो सडकबाट सवारीका साधन ओहोरदोहोर गर्न पाउने छन् ।

प्रदेश यातायात पूर्वाधार निर्देशनालय, यातायात व्यवसायी, जिल्ला प्रशासन र भौतिक पूर्वाधार मन्त्रालयका पदाधिकारीहरूको शुक्रबार बसेको संयुक्त बैठकले कुलेखानी–फाखेल सडकखण्ड बन्द गर्ने निर्णय गरेको हो ।

कुलेखानीको हेबीदेखि महालक्ष्मी हुँदै फाखेल र काठमाडौं जिल्लाको सिमानामा पर्ने फर्पिङसम्मको सडकको ढलान, ढल निकास र कालोपत्रे गरिने निर्देशनालयका प्रमुख निर्देशक डा सहदेब भण्डारीले बताउनुभयो । दक्षिणकालि हुँदै सिस्नेरी सडक–खण्डमा भने सवारी सञ्चालन हुनेछ ।

# पञ्तशील टोलका इमानसिंको घरमा आगलागी

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ११ मा घरमा चट्याङ पर्दा आगलागी भएको छ ।

टिष्टुङको पञ्चशील टोल, नागन्फालमा इमानसिं मोक्तानको घरमा २७ चैत्र बेलुकी परेको चट्याङले घरमा आगलागी भएको स्थानीय समाजसेवी मंगल तामाङले जानकारी दिए । 'घरमा चट्याङ लागेपछि विद्युत सर्ट भई त्यहीबाट आगोलागी भएछ, स्थानीयहरूले निभायौं', मोक्तानले भने'–गाउँ भित्र र साँघुरो बाटो भएकोले नगरपालिकाको दम्कल पनि जान संभव थिएन ।' बेलुकी साँढे ७ बजे लागेको आगो स्थानीयहरूले साँढे नौ बजे मात्र नियन्त्रणमा लिएका थिए ।

चट्याङपछि घरको तेस्रो तल्लामा रहेको खोस्टा र परालमा आगो सल्किएको स्थानीयहरूले बताएका छन् । आगलागी भएपछि घरको माथिल्लो तला कामै नलाग्ने गरी क्षती भएको छ ।

# ज्येष्ठ नागरिकलाई विष्टले दिए "लौरो उपहार"

◆ विकास संवाददाता

गणेश विष्ट फोटो पत्रकार हुन् । विष्ट विकास खबरपत्रिका र थाहा टाइम्समा आवद्ध छन् । थाहा नगरपालिका वडा नम्बर ३ घर भएका विष्ट पर्यटन प्रवर्द्धनमा रूची राख्छन् । पालुङ जेसीज वर्ष २०२१ को त उनी, पर्यटन संयोजक नै हुन् । गणेश विष्टको २८ चैतमा जन्म दिन । जन्म दिनको अवसरमा गणेशले न त ठूला पाटी नै गरे न त अन्य तडक भडकका कार्यक्रमहरूहरू नै । सामाजिक सेवामा पनि उत्तिकै लाग्ने विष्टले आफ्नो जन्मदिन ज्येष्ठ नागरिकहरूसंग मनाउने निधो गरे ।

आफ्नो जन्मदिन आउनु अघि नै ज्येष्ठ नागरिकहरूका लागि लौरो किनेर ल्याए । विष्टले सम्झे–'ज्येष्ठ नागरिकहरूका लागि नजिकको सार थि लौरो नै हो, उनीहरूको टेको हो ।' ओल्लो–पल्लो घर जान आउन होस् या तिर्थजात्रा जान वा पिढीबाट ओछ्यानमै पुग्न पनि लौरो ज्योष्ठ नागरिकको साहरा हो । यहि सम्झेर गणेशले आफ्नो जन्म दिनको अवसर मा लौरो उपहार दिने पक्का गरेका हुन् । उनी भन्छन्–'ज्योष्ठ नागरिकलाई लौरोले दिने जत्ति साहरा परिवारका सदस्यले दिएमा उनीहरूको जीवन काफी हुन्छ ।' २८ चैतमा विष्टले थाहा नगरपालिका वडा नम्बर ३ चौकी भन्ज्याङमा रहेको सीताराम ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रका ज्येष्ठ नागरिकहरूसंग जन्म दिन मनाए । उनले सोचे जस्तै ज्येष्ठ नागरिकहरूलाई पालैपालो नाम बोलाउँदै लौरो बाँडे । समाजमा सकारात्मक सन्देश दिनका लागि पनि यस किसिमको कार्यक्रम गरी ज्येष्ठ नागरिक सामु आफ्नो जन्म दिन मनाएको विष्ट बताउँछन् । उनले ज्येष्ठ नागरिकहरूलाई लौरो मात्र बाँडेनन् । सामुहिक रूपमा 'केक काटेर' बुढा पाकालाई चखाए । उनीहरूको चेहेरा उज्यालो बनाए ।



उनी आवद्ध पालुङ जेसीजमा त एकजना 'बर्थ डे' संयोजक नै छन् । उनी हुन् अन्जय प्रधान । जेसीज सदस्यहरू जो कसैको जन्मदिन परे पनि उनले सामाजिक उत्तरदायित्व बहन हुने कार्यक्रम तर्जुमा गरिहाल्छन् । 'बर्थ डे' पर्ने व्यक्तिले कार्यक्रमका लागि आवश्यक सामाग्री जोरजम्मा गर्छन्, पालुङ जेसीजले कार्यक्रमको संयोजन गर्छ । कार्यक्रमको सबै तारतम्य बर्थ डे संयोजकले मिलाउँछन् अरू सदस्यहरूले पद अनुसारको भूमिकामा काम गर्छन् । यो, पालुङ जेसीजको कल्चरु नै भैसकेको छ । यसखाले कार्यक्रमले युवाहरूलाई सामाजिक काममा उप्रेरित गरेको पालुङ जेसीज वर्ष २००५ का अध्यक्ष सानोभाई कार्कीले बताए ।

विष्टको जन्मदिन बुढापाकासंग मनाएकोमा पालुङ वर्ष २००६ का अध्यक्ष रामप्रसाद ढकालले खुशी व्यक्त गरे । हेर्दा सामान्य लागे पनि ज्येष्ठ नागरिकलाई उपहार दिएको लौरोको ठूलो महत्व रहेको ढकालको भनाइ थियो ।

पालुङ जेसीज वर्ष २०२१ का कार्यकारिणी उपाध्यक्ष सुशान्त गोपालीको सभाध्यक्षतामा भएको थियो । कार्यक्रमका अतिथीहरूलाई वर्ष २०२१ का उपाध्यक्ष संजय गोपालीले स्वागत गरेका थिए । उक्त कार्यक्रममा वर्ष २००३ शाखा अध्यक्ष पुरूषोत्तम कार्की वर्ष २०२० का अध्यक्ष मनोज रायमाझी, वर्ष २०२१ का उपाध्यक्ष माधव कार्की, अध्यक्ष सल्लाहकार जयराम खत्री, महासचिव संगम कार्की, सचिव स्मिता विष्ट, क्षेत्र ख संयोजक दीपा बल, सूचना तथा प्रविधि संयोजक पशुपति विष्ट, खेलकुद संयोजक सोदिप बस्नेत, बाबुलाल कार्की, सुरजकुमार भुजेल, दिवा सेवा केन्द्रका ज्येष्ठ नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

उपभोग्य सामाग्री खरिद गर्दा उपभोग मिति अनिवार्य हेरौं ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ गिडिया चोक, सम्पर्क नं. ९८०७२२५०७२
२०७७ चैत्र ३० गते सोमबार, 12 April. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## इतिहाँस बोकेको .. ....

भनिने थिएन, यसको पुरानो नाम पाण्डवपुर ग्राम हो ।'

निकै पुरानो इतिहाँस बोकेको मयल बोट छेवैका सार्वजनिक जग्गा अहिले मासिसकेको छ । रूखको फेदैसम्म आलु रोपिएको छ । चौतारोको नामो निसाना छैन । नजिकैको राजकुलो साँघुरो भएको छ । पर्यटकीय नगरीको रूपमा रहेको थाहानगरको सम्पदा सूचीमा रहनु पर्ने मयल बोट जिङ्रिङ्ग भएको छ । चिनिया पर्यटकलाई समेत आकर्षित गर्ने मयल बोट अरू धेरै पर्यटकका लागि थप प्वाइन्ट हुने स्थानीय निरोज प्रधान बताउँछन् । यसको संरक्षण र प्रचार गर्न आवश्यक भएको स्थानीयहरू बताउँछन् । कम लगानीमा पनि सम्पदासहितको पर्यटकीय क्षेत्र बन्ने हुनाले थाहा नगरपालिकाले पनि सहयोग गर्न सक्ने पर्यटन व्यवसायीहरू बताउँछन् । मयल बोट वरीपरीको जग्गाको नाप नक्सा गरेर पर्यटकीय गन्तव्य बनाउन सकिने स्थानीयहरू बताउँछन् ।

## घटना दर्ता नगरे ....

आग्रह गरेका छन् । वडा कार्यालयबाट निरन्तर संचालन भैरहने घटना दर्ता कार्यमा कोही सेवाग्राहीले नभ्याएको हो भने अहिले अभियानका बेला दर्ता गर्न शाखा प्रमुख भजेलले आग्रह गरेका छन् । अभियानको सम्पूर्ण जनप्रतिनीधि, राजनीतिक दल, शिक्षक, विद्यार्थी, संघसंस्थाका प्रमुख प्रतिनीधिलगायत सरोकारवालाहरूले प्रचार प्रसार गरी अभियानलाई सफल बनाउन उनले आग्रह गरेका छन् ।

# पालुङमा प्रहरी निरीक्षक तामाङको सरूवा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा रहेको इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक (इन्सपेक्टर) विकास कुमार तामाङको सरूवा भएको छ । तामाङको महानगरीय प्रहरी वृत्त दरवारमार्ग काठमाण्डौंमा सरूवा भएको हो ।

इलाका प्रहरी कार्यालय पालुङमा भने महानगरीय प्रहरी जनसेवा, काठमाण्डौं अपराध नियन्त्रण शाखाबाट श्रीराम तिमल्सिना सरूवा भएका छन् । तिमल्सिना अब इलाका प्रहरी पालुङ प्रहरी प्रमुख हुनेछन् ।

नेपाल प्रहरीका ३ सय ६६ जना प्रहरी निरीक्षक (इन्स्पेक्टर)को सरूवा भएसंगै तामाङ पनि सरूवा भएका हुन् । प्रहरी प्रधान कार्यालयले २७ चैत्र साँझ इन्स्पेक्टरहरूको सरूवा गरेको हो ।

१ वर्षमा नियमित सरूवा गर्नुपर्ने भएपनि प्रहरी प्रधान कार्यालयले पछिल्लो चार महिनादेखि सरूवा गर्न सकेको थिएन । सरूवा भएका प्रहरी निरीक्षकहरू




०७६ पुस ७ मा सरूवा भएर आफ्नो कार्यक्षेत्रमा रहेका थिए ।

स्थानीय खबरका लागि:
www.thahatimes.com
लगइन गरौ ।

# आग्रामा काँग्रेस प्रवेश गर्नेको ओइरो

◆ विकास संवाददाता

मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका ७ को विकट क्षेत्र आग्रा बाहुनचौरमा एमाले, माओबादी केन्द्र र राप्रपा परित्याँग गरी ३ सय ७४ जना नेपाली कांग्रेसमा प्रवेश गरेका छन् ।

कांग्रेस थाहा नगरपालिका ७ का वडा सभापति शिवराज थिङ्को सभाध्यक्षता, नेपाली कांग्रेसकी केन्द्रीय सदस्य महालक्ष्मी उपाध्याय डिनाको प्रमूख



आतिथ्यता तथा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं मकवानपुर सभापति ईन्द्रबहादुर बानियाँको विशिष्ठ आथित्यतामा नववर्षकरो शुभकामना आदानप्रदान तथा पार्टी प्रवेश कार्यक्रम भएको हो ।

थाहा ७ मा रहेको विभिन्न महिला सहकारीमा आवद्ध १ सय ७० जना महिलाहरू र २ सय ४ जना स्थानीयहरू गरि ३ सय ७४ जना कांग्रेसमा प्रवेश गरेका हुन् । नवप्रवेशीहरूलाई प्रमुख अतिथि तथा विशिष्ठहरूले खादा तथा कांग्रेसको सदस्यता दिएर पार्टीमा स्वागत गरेका थिए ।

कार्यक्रममा कांग्रेस मकवानपुरका उपसभापति विष्णुप्रसाद लामिछाने, कांग्रेस मकवानपुरका सल्लाहकारद्वय जयराम लामिछाने र उमा दाहाल, जिल्ला सदस्य एवं थाहा नगरका उपमेयर खड्ग गोपाली, प्रतिनिधि सभा २ का संघीय सभापति यतिराज सापकोटा, प्रदेश सभापति लोक मुक्तान, हेटौंडा उपमहानगर सभापति आनन्दराम पराजुली, थाहा नगर सभापति योगेन्द्रमान श्रेष्ठ, काठमाडौं मकवानपुर सम्पर्क समितिका अध्यक्ष पुरूषोत्तम ठकुरी, स्थानीय नेता तथा समाजसेवी रामचन्द्र कार्कीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

◆ घटना दर्ता गर्दा ढिलाइ भए जरिवाना
घटना घटेको ३५ दिन भित्र दर्ता गराउँदा नि:शुल्क र त्यसपछि तोकिएको जरिवाना तिरी दर्ता गर्नुपर्दछ ।

◆ बैशाख महिनाको पहिलो साता विशेष अभियान
प्रत्येक वर्ष बैशाख महिनाको पहिलो साता संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी बनौं ।

◆ घटना दर्ताको अनलाईन निवेदन कसरी दिने ?
नागरिकले व्यक्तिगत घटना दर्ताको अनलाई आवेदन दिन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाईट https://donidcr.gov.np मा रहेको अनलाईन घटना दर्ताको निवेदन लिंकमा गई विवरण भरी प्राप्त टोकन नम्बर लिएर दर्ता शिविर वा सम्बन्धित वडा कार्यलयमा गई घटना दर्ता गर्न सकिनेछ ।






❝ दोहोरो घटना दर्ता गर्नु, झुटा विवरण दिई घटना दर्ता गराउनु दण्डनीय कार्य हो । ❞

❝ बहुविवाह गर्नु गैरकानूनी कार्य हो । तसर्थ बहुविवाह नगरौं, नगराऔं । ❞





**गुनासो:**
घटना दर्ता सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय सरकारको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको
वेबसाइट: https://gms.donidcr.gov.np/Grievance/PublicMain
फेसबुक: https://www.facebook.com/DepartmentofNationalI-DandCivilRegistration
ट्विटर: https://twitter.com/DoNIDCRNep
इमेल: info@donidcr.gov.np
फोन: ०१-५२०००९६ मार्फत दर्ता गराउन सकिन्छ ।

❝ २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु, गराउनु दण्डनिय अपराध हो । ❞

❝ व्यक्तिगत घटना घटेको ३५ दिन भित्र स्थायी ठेगाना भएको ठाउमा घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो । ❞



**व्यक्तिगत घटना दर्ता**
थप जानकारी लागि
**थाहा नगरपालिका**
**इन्द्रायणी चौर मकवानपुर**
सम्पर्क नं. ०५७-४०००६६

◆ व्यक्तिगत घटना दर्ता के हो ?
व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना घटेमा स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा गई सूचना दिने, दर्ता गराउने र प्रमाण-पत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

◆ व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र किन आवश्यक पर्दछ ?
व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र बालबालिकालाई विद्यालयमा भर्ना गर्न, नागरिकता बनाउन, नाबालक राष्ट्रिय परिचय-पत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न साथै राज्यबाट पाउने सेवा, सुविधा र हक स्थापना गर्न आवश्यक पर्दछ ।

◆ व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
आफ्नो स्थायी ठेगाना भएको वडामा तोकिएको सूचकले आवश्यक कागजात सहित घटना दर्ता गराउन सकिन्छ ।




**व्यक्तिगत घटना दर्तामा सूचक र संलग्न गर्नुपर्ने कागजपत्रबारे जानकारी**

| घटना | सूचक | संलग्न गर्नुपर्ने कागजपत्र |
|---|---|---|
| जन्म | ➢ बाबु र आमा,<br>बाबु र आमा उपस्थित हुन नसकेमा बाबु वा आमा,<br>➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुबा वा हजुरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकताको प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण,<br>➢ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण, |
| विवाह | ➢ पति र पत्नी दुवै जना | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ पतिको नागरिकता प्रमाणपत्र,<br>➢ पत्नीको नागरिकता प्रमाणपत्र (भएमा),<br>➢ पति पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| सम्बन्ध विच्छेद | ➢ पति वा पत्नी | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपि, |
| बसाई सराई | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फाराम<br>➢ सूचकको नागरिकता प्रमाणपत्र |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको नागरिकताको प्रमाण पत्र<br>➢ लगत हस्तान्तरणको सक्कल फाराम |
| मृत्यु | ➢ बाबु वा आमा वा<br>पति वा पत्नी वा छोरा वा छोरी,<br>➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति, | ➢ सूचकको सहिछाप सहितका सूचना फाराम,<br>➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्यु प्रतिवेदन वा प्रमाण |


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी